आज मिति २०७९ साल साउन २८ गते शनिबारका दिन यस साँफेबगर नगरपालिकाका नगर प्रमुख श्री राजेन्द्र बहादुर कुँवरज्यूको अध्यक्षतामा आ.व.२०७९/८० को दोस्रो कार्यपालिकाको दोस्रो बैठक देहाय बमोजिमको उपस्थितीमा बसी निम्नानुसारका प्रस्तावहरु माथि छलफल गरी निर्णय पारित गरियो।

उपस्थिती:

| क्र.सं. | नाम, थर | पद | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री राजेन्द्र बहादुर कुँवर | अध्यक्ष एवं नगर प्रमुख | ९८४८६४९०२३ | |
| २. | श्री शिव बहादुर कुँवर | सदस्य एवं नगर उप-प्रमुख | ९८५११५२८३९ | |
| ३. | श्री नन्द बहादुर ठकुल्ला | सदस्य एवं वडा अध्यक्ष वडा नं.-१ | ९८६५७६९२२४ | |
| ४. | श्री सेत बहादुर कुँवर | सदस्य एवं वडा अध्यक्ष वडा नं.-२ | ९८४९७८७४३९ | |
| ५. | श्री कुल बहादुर कुँवर | सदस्य एवं वडा अध्यक्ष वडा नं.-३ | ९८६४८१७४८५ | |
| ६. | श्री नवराज बुढा | सदस्य एवं वडा अध्यक्ष वडा नं.-४ | ९८४८५५२३१८ | |
| ७. | श्री मक्कर बहादुर कुँवर | सदस्य एवं वडा अध्यक्ष वडा नं.-५ | ९८४८६०४९७२ | |
| ८. | श्री मिन बहादुर बोहरा | सदस्य एवं वडा अध्यक्ष वडा नं.-६ | ९८४८६५३३८२ | |
| ९. | श्री हिक्मत कडायत | सदस्य एवं वडा अध्यक्ष वडा नं.-७ | ९८६८४३६७५९ | |
| १०. | श्री कालु सिंह कुँवर | सदस्य एवं वडा अध्यक्ष वडा नं.-८ | ९८४४६७९८७८ | |
| ११. | श्री दिपक कुँवर | सदस्य एवं वडा अध्यक्ष वडा नं.-९ | ९८४८६४९२२० | |
| १२. | श्री ललित बोगटी | सदस्य एवं वडा अध्यक्ष वडा नं.-१० | ९८४८५५६००९ | |
| १३. | श्री राम बहादुर बोहरा | सदस्य एवं वडा अध्यक्ष वडा नं.-११ | ९८५१२४६२११ | |
| १४. | श्री जनक बहादुर कडायत | सदस्य एवं वडा अध्यक्ष वडा नं.-१२ | ९८६८४४९३१७ | |
| १५. | श्री रुप बहादुर कुँवर | सदस्य एवं वडा अध्यक्ष वडा नं.-१३ | ९८६५८७९१५८ | |
| १६. | श्री सन्जु थापा | सदस्य एवं वडा अध्यक्ष वडा नं.-१४ | ९८४८४१०३४५ | |
| १७. | श्री उमा उपाध्याय | सदस्य | ९८४०२९५९२१ | |
| १८. | श्री बिनोद बहादुर भुल | सदस्य | ९८६९९१६९६२ | |
| १९. | श्री मुकेश मिजार | सदस्य | ९८४८५७८३१२ | |
| २०. | श्री मिना के.सी. | सदस्य | ९८४८५९९१५८ | |
| २१. | श्रीमती बिष्णा कुँवर | सदस्य | ९८६५५७९०४३ | |
| २२. | श्री राधा देवी साउँद | सदस्य | ९७४४२८६११३ | |
| २३. | श्री अनिल परियार | सदस्य | ९८६५८४२४८९ | |
| २४. | श्री देवसरा साउद (थापा) | सदस्य | ९८६४४८६१९७ | |
| २५. | श्री लक्ष्मी प्रसाद शर्मा | सचिव नि.प्र.प्र.अ. | ९८५८४३०१११ | |

आमन्त्रित:

| | | | | |
|---|---|---|---|---|
| १. | श्री पूजा ओड विश्वकर्मा | का.वी. वडा अध्यक्ष वडा नं. १२ | | |
| २. | श्री नृप विश्वकर्मा | उ.प्र. कानुन शाखा | ९८४८६०४९२० | |

प्रस्तावहरुः

१ ढुंङ्गा, गिट्टी बालुवाको टेन्डर सम्बन्धमा ।
२ कार्यादेश सम्बन्धमा ।
३ करार कर्मचारी सम्बन्धमा ।
४ वडा सहजकर्ता सम्बन्धमा ।
५ घर पसल परिचय प्रमाण पत्र खाका तयार समिति गठन सम्बन्धमा ।
६ टोल विकास संस्था गठन सम्बन्धमा ।
७ एअरपोर्ट बजार जीप पार्क निर्माणको लागि जग्गा भाडामा लिने सम्बन्धमा ।
८ बाल कल्याण अधिकारी तोक्ने सम्बन्धमा ।
९ लैंगिक हिंसा निवारण कोष समिति गठन सम्बन्धमा ।
१० विपद व्यवस्थापन समिति गठन सम्बन्धमा ।
११ वन विकास क्षेत्र हेर्ने कर्मचारी सम्बन्धमा ।
१२ भू-उपयोग कार्यान्वयन समिति गठन सम्बन्धमा ।
१३ घरभाडा थप्ने सम्बन्धमा ।
१४ औषधी खरिदको लागि बजेट माग गर्ने सम्बन्धमा ।
१५ ६० बर्ष उमेर पुरा भएका कार्यालय सहयोगीलाई अवकाश गर्ने सम्बन्धमा ।
१६ नगर परिसर व्यवस्थापन तथा निर्माण अख्तियारी सम्बन्धमा ।

निर्णयहरुः

निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिका क्षेत्रका नदीनालाहरुबाट उठाउने ढुंगा गिट्टी बालुवाको आ.व. २०७९/०८० मा उत्खनन तथा निकासी गर्ने प्रयोजनको लागि रकम रु. ७० लाखमा ३० दिने सूचना जारी गरी टेण्डर आव्हान गर्न साँफेबगर नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय पारित गरियो ।

निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दायस साँफेबगर नगरपालिकाको आ.व. २०७९/८० को प्रथम त्रैमासिक(श्रावण-असोज) मा सञ्चालन हुने आयोजना तथा कार्यक्रमको कार्यान्वयन गर्न यस नगरपालिकाका १४ वटै वडा कार्यालयहरुलाई कार्यादेश दिनसाँफेबगर नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय पारित गरियो।

निर्णय नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिका अन्तर्गत नगरपालिकाको आन्तरिक स्रोतबाट पारिश्रमिक पाउने गरी करारमा नियुक्त कर्मचारीहरुको करार सम्झौता नगर कार्यपालिको मिति २०७९ साउन १ गतेको निर्णय नं ४ मा श्रावण मसान्त सम्म थप गर्न भनिएता पनि कार्यभार तथा कार्य जिम्मेवारीको आधारमा उक्त करार कर्मचारी मध्ये प्राविधिक तर्फ इन्जिनीयर, सव-इन्जिनीयर र असिष्टेन्ट सव-इन्जिनीयर, कृषि तर्फका र पशु सेवा तर्फका कर्मचारीहरुको करार सम्झौता२०७९ साल श्रावण मसान्तसम्म मात्र कायम हुने र सो उप्रान्त करार नवीकरण नगर्ने र सो बाहेकका अन्य कर्मचारीहरुको करार सम्झौताको म्याद २०७९ पौष मसान्त सम्म थप गर्न साँफेबगर नगरपालिका नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय पारित गरियो ।

निर्णय नं. ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिका अन्तर्गत विभिन्न वडा कार्यालयहरुमा करारमा कार्यरत वडा सहजकर्ताहरुको करार सम्झौताको म्याद २०७९ पौष मसान्त सम्म कायम भएता पनि सम्बन्धित वडा कार्यसमितिको सिफारिसमा करार सम्झौता थप नगर्ने भनि लेखी आएमा सोही बमोजिम गर्न गराउन साँफेबगर नगरपालिका नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय पारित गरियो ।

निर्णय नं. ५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिका अन्तर्गतका नगरवासीहरुको घर पसल परिचय प्रमाण पत्रको खाका निर्माण गरी नगरपालिकामा सिफारिस गर्न तपसिल बमोजिमको घर पसल परिचय पत्र खाका निर्माण तयारी समिति गठन गर्नेसर्वसम्मत निर्णय पारित गरियो ।

तपसिलः

क. संयोजक श्री लक्ष्मी प्रसाद शर्मा प्र.प्र.अ.

ख. सदस्य श्री अम्बर बहादुर बोहरा सूचना प्रविधि अधिकृत

ग. सदस्य श्री शंकर बहादुर थापा प्रशासन शाखा

घ. सदस्य श्री लोगजन कुँवर नापी शाखा

ङ. सदस्य श्री लक्ष्मी कुमारी ढुंगाना राजश्व शाखा

निर्णय नं. ६

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिका अन्तर्गतका १४ वटै वडामा टोल विकास संस्था गठन गर्नुपर्ने भएकोले २०७९ साल भाद्र मसान्त भित्र टोल विकास संस्था गठन गरी सोको विवरण यंस नगरपालिकामा पेश गर्न १४ वटै वडा कार्यालयहरुलाई निर्देशन गर्ने सर्वसम्मत निर्णय पारित गरियो।

निर्णय नं. ७

प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिका अन्तर्गत साँफेबगर एअरपोर्ट बजारमा जीप पार्क निर्माणको लागि जग्गा भाडामा लिनुपर्ने भएकोले जग्गा भाडामा दिन ईच्छुक जग्गाधनीहरुलाई आवेदन दिनको लागि १५ दिने सार्वजनिक सूचना जारी गर्न साँफेबगर नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय पारित गरियो।

निर्णय नं. ८

प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिकाको बाल कल्याण अधिकारीको रुपमा महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुख श्री अनिता जोशीलाई तोक्ने सर्वसम्मत निर्णय पारित गरियो।

निर्णय नं. ९

प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिकामा तपसिल बमोजिमको लैंगिक हिंसा निवारण कोष समिति गठन गर्ने सर्वसम्मत निर्णय पारित गरियो।

तपसिलः

क. अध्यक्ष - नगर उप-प्रमुख श्री शिव बहादुर कुँवर

ख. सदस्य - प्र.प्र.अ. श्री लक्ष्मी प्रसाद शर्मा

ग. सदस्य - इलाका प्रहरी कार्यालय

घ. सदस्य - वडा अध्यक्ष वडा नं. ४ श्री नवराज बुढा

ङ. सदस्य- वडा सदस्य वडा नं. १४ श्री रुपा थापा

च. सदस्य- गैर सरकारी संस्था

छ. सदस्य सचिव महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा श्री अनिता जोशी

निर्णय नं. १०

प्रस्ताव नं. १० माथि छलफल गर्दा यस साँफेबगर नगरपालिकामा तपसिल बमोजिमकोनगर विपद् व्यवस्थापन समिति गठन गर्ने सर्वसम्मत निर्णय पारित गरियो।

तपसिलः

संयोजक- नगर प्रमुख श्री राजेन्द्र बहादुर कुँवर

सदस्य- नगर उपप्रमुख श्री शिव बहादुर कुँवर

सदस्य- प्रमुख प्रशासकीय अधिकृत श्री लक्ष्मी प्रसाद शर्मा

सदस्य - विषयगत समितिका संयोजकहरु

सदस्य- सामाजिक विकास शाखा

सदस्य- पूर्वाधार विकास शाखा

सदस्य- सशस्त्र प्रहरी बल खप्तड गुल्म

सदस्य- इलाका प्रहरी कार्यालय

सदस्य- नगर प्रहरी प्रमुख

सदस्य- नेपाल रेडक्रस सोसाइटी

सदस्य- उद्योग वाणिज्य संघ
सदस्य- गैर सरकारी संस्था महासंघ
सदस्य-नेपाल पत्रकार महासंघ
सदस्य सचिव विपद् व्यवस्थापन शाखा प्रमुख

निर्णय नं. ११
प्रस्ताव नं. ११ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिकाको वन विकास क्षेत्र हेर्ने कर्मचारीको रुपमा यस नगरपालिकाका अमिन श्री लोगजन कुँवरलाई तोक्ने सर्वसम्मत निर्णय पारित गरियो ।

निर्णय नं. १२
प्रस्ताव नं. १२ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिकाको भू-उपयोग कार्यान्वयन समिति तपसिल बमोजिम गठन गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।
तपसिलः

अध्यक्ष – नगर प्रमुख श्री राजेन्द्र बहादुर कुँवर
सदस्य- सम्बन्धित वडाको वडा अध्यक्ष
सदस्य – कृषि,वन,भूमि,सहरी विकास,भौतिक पूर्वाधार प्रमुख
सदस्य- वडा अध्यक्ष वडा नं. २ श्री सेत बहादुर कुँवर
सदस्य- वडा अध्यक्ष वडा नं. ११ श्री राम बहादुर कुँवर
सदस्य- का.पा. सदस्य श्री बिष्णा देवी कुँवर
सदस्य- का.पा. सदस्य श्री राधा देवी साउँद
सदस्य सचिव प्र.प्र.अ. श्री लक्ष्मी प्रसाद शर्मा

निर्णय नं. १३
प्रस्ताव नं. १३ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिका नगर कार्यपालिकाको कार्यालय साँफेबगरको प्रयोजनका लागि विगत २ बर्ष अगाडी देखि भाडामा लिईएका घरहरुको आ.व. २०७९/८० मा साविक भाडा दरमा दश प्रतिशतले वृद्धि गरी भुक्तानी दिन साँफेबगर नगरपालिका नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय पारित गरियो।

निर्णय नं. १४
प्रस्ताव नं. १४ माथि छलफल गर्दा आ.व. २०७९/८० मा यस साँफेबगर नगरपालिकालाई स्वास्थ्य अन्तर्गत सशर्त अनुदान तर्फ औषधी खरिदमा उपलब्ध बजेट अपुग हुने अवस्था रहेकोले यस नगरपालिकाको आवश्यकताको आधारमा रकम रु. १ करोड नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय (नीति तथा योजना महाशाखा) मा माग गर्ने सर्वसम्मत निर्णय पारित गरियो।

निर्णय नं. १५
प्रस्ताव नं. १५ माथि छलफल गर्दा आ.व. २०७९/८० मा यस साँफेबगर नगरपालिका अन्तर्गत वडा कार्यालयमा कार्यरत ६० बर्ष उमेर पुरा गरेका कार्यालय सहयोगीहरुलाई जनही रकम रु. १ लाख ५० हजार सुविधा उपलब्ध गराई अवकाश गर्न साँफेबगर नगरपालिका नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय पारित गरियो ।

निर्णय नं. १६
प्रस्ताव नं. १६ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिका नगर कार्यपालिकाको कार्यालय परिसरव्यवस्थापन तथा निर्माण कार्य सञ्चालन गरी सम्पन्न गर्न साँफेबगर नगरपालिका नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय पारित गरियो ।